नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

## माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा ११/१२

**सानोठिमी, भक्तपुर**

# वार्षिक परीक्षा सञ्चालन सम्बन्धी

*विज्ञप्ती*

**आदरणीय पत्रकार मित्रहरु**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा संचालन हुने २०७५ सालको कक्षा १२ तथा ११ को साधारण (संगीत विषय समूह समेत) तथा प्राविधिक विषय समूह तर्फका नियमित ग्रेडबृद्धि एवं आशिक परीक्षार्थीहरुको वार्षिक परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्णयानुसार मिति २०७५/०१/१४ बाट मिति २०७५/०१/२७ सम्म कक्षा १२ तथा मिति २०७५/०१/३० देखि २०७५/०२/०९ सम्म कक्षा ११ को लागि तर्जुमा गरिएको कार्य तालिका बमोजिम परीक्षा संचालन हुन लागेको व्यहोरा सबैमा अवगत नै छ । साथै सम्पूर्ण केन्द्राध्यक्षज्यूहरुमा निर्धारित कार्यतालिका अनुसार परीक्षा संचालन गर्नु हुन अनुरोध छ । समय तालिका अनुसार परीक्षा पूर्व गर्ने गराउने आवश्यक सम्पूर्ण तयारी पूरा गरी सकिएको छ । उक्त परीक्षामा सम्बन्धन प्राप्त ३९१२ विद्यालयका कक्षा १२ मा ४१५२५२ (छात्र २०८२७६ र छात्रा २०६९७५) तथा कक्षा ११ मा ५५०९५८ ( छात्र २६३१६८ र छात्रा २८७७९१) गरी कुल जम्मा ९६६२१० परीक्षार्थीहरु सहभागी हुनेछन् । जसमध्ये सबैभन्दा कम मनाङ्ग जिल्लामा कूल १७६ (कक्षा ११ मा ८८ र कक्षा १२ मा ८८) र सवैभन्दा बढि काठमाण्डौं जिल्लाबाट १३६०५३ (कक्षा ११ मा ७४१२७ र कक्षा १२ मा ६१९२६) परीक्षार्थी सामेल हुनेछन् । नेपालभर कुल १०५१ परीक्षा केन्द्रहरु निर्धारण गरिएको छ । जसमध्ये सबैभन्दा बढि काठमाण्डौ जिल्लामा ११४ वटा र सवैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा १/१ केन्द्र निर्धारण गरिएको छ ।

| क्र.सं. | विवरण | कक्षा १२ | कक्षा ११ | कैफियत |
|---|---|---|---|---|
| १. | केन्द्राध्यक्ष | १०५१ | १०५१ | |
| २. | सहायक केन्द्राध्यक्ष | १८८८ | २२६७ | |
| ३. | निरीक्षक | २०७६३ | २७५४८ | |
| ४. | परीक्षा केन्द्रमा खटिने कर्मचारी | १०६० | १०६० | |
| ५. | कार्यालय सहयोगी | २१२० | २१२० | |
| ६. | सुरक्षाकर्मी | १२७२० | १२७२० | |
| | **जम्मा** | **३९६०२** | **४६७६६** | |

परीक्षा आफैंमा सम्बेदनशील विषय भएको यथार्थ सबैसामु स्पष्ट छ । कक्षा १२ तथा कक्षा ११ को वार्षिक परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन एवं प्रभावकारी वातावरण निर्माण गर्नका लागि परीक्षा अवधिभर बन्द हडताल नगरी भय रहित वातावरणमा परीक्षा संचालन गर्न सहयोग पुऱ्याईदिनु हुन सम्पूर्ण राजनैतिक दल, तिनका भातृ संघ/संगठन, अभिभावक, शिक्षक, पत्रकार तथा सरोकारवालाहरु सबैमा हार्दिक अनुरोध गर्दछौं । साथै परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको शाखा कार्यालयगत परीक्षार्थी विवरणलाई तलको तालिकाले प्रष्ट पार्दछ ।

| क्र.सं. | विवरण | कक्षा १२ | | कक्षा ११ | | जम्मा नियमति तथा आंशिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नियमित | आंशिक | नियमित | आंशिक | | |
| १ | विराटनगर | ४०६६५ | १५१४२ | ४५०५९ | ३३२७७ | १३४१४३ | |
| २ | लाहान | १३१३३ | ५८९२ | १४९७१ | ११४४४ | ४५४४० | |
| ३ | जनकपुर | १५४६१ | ५२२६ | १७१९० | १०६४७ | ४८५२४ | |
| ४ | हेटौंडा | २५३३६ | १०५७२ | २७६८५ | १९४०९ | ८३००२ | |
| ५ | काठमाडौं | ८३९७४ | २४६५५ | ८९३४३ | ४११६३ | २३९१३५ | |
| ६ | पोखरा | २८९१५ | १२२७३ | ३०५६२ | २२३१४ | ९४०६४ | |
| ७ | बुटवल | ३०५७३ | ११६२० | ३४१६३ | २२५९१ | ९८९४७ | |
| ८ | दाङ्ग | १३५५४ | ५३३३ | १५९९६ | ११७८० | ४६६६३ | |
| ९ | नेपालगञ्ज | २१३५२ | ११६०४ | २५३५८ | २०९४८ | ७९२६२ | |
| १० | धनगढी | १४३५३ | ८४३६ | १८३८८ | १३५३९ | ५४७१६ | |
| ११ | डडेल्धुरा | ११६७१ | ५५१३ | १४१७१ | १०९५९ | ४२३१४ | |
| | **जम्मा** | २९८९८७ | ११६२६६ | ३३२८८६ | २१८०७१ | ९६६२१० | |

**परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन निम्न अनुसार व्यवस्था गरिएको छ ।**

**अनुगमन/निरीक्षण**

- ➢ प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा प्रत्येक जिल्लामा जिल्ला परीक्षा समन्वय समिति गठन भएको ।
- ➢ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, क्षेत्रिय शिक्षा निर्देशनालयबाट अनुगमनको व्यवस्था मिलाईएको ।
- ➢ काठमाडौं उपत्यका भित्रका केन्द्रहरुको परीक्षा अनुगमनको लागि विशेष व्यवस्था मिलाईएको ।
- ➢ काठमाडौं उपत्यका बाहिरका परीक्षा केन्द्रहरुमा समेत छड्के अनुगमनको व्यवस्था मिलाइएको ।

**सूचना सम्प्रेषण:**

- ➢ परीक्षा संचालन हुने दुई दिन अघिदेखि परीक्षा संचालन अवधिभर सूचना आदान प्रदान गर्न उप नियन्त्रकको नेतृत्वमा फोन नं ०१-६६३८१४९, ०१-६६३०७४७ र फ्याक्स नं ०१-६६३०७४७/६६३९००२ भएको परीक्षा कन्ट्रोल रुमको व्यवस्था गरिएको ।
- ➢ सम्पूर्ण केन्द्राध्यक्षज्यू तथा बोर्डका कार्यालय प्रमुखहरुलाई परीक्षा सम्बन्धी सूचना समूह म्यासेज (Bulk SMS) को रुपमा मोवाइल मार्फत गराइने व्यवस्था रहेको ।
- ➢ परीक्षार्थीहरुलाई निजको प्रवेशपत्रमा रहेको नाम, थर, जन्ममिति, विषय, रजिष्ट्रेशन र सिम्बोल नम्बर रुजु गर्ने पद्धतिको विकास भएको । सो को लागि राष्ट्रिय परीक्षा बोर्डको website www.neb.gov.np मा गई student exam memo मा गएर Reg No. र कक्षा entry गरेर हेर्न सक्ने व्यवस्था गरिएको ।
- ➢ परीक्षा अवधिभर परीक्षा सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्न सूचनाबोर्ड १६१८०१६६३९००२ को व्यवस्था गरिएको ।

**मोबाईल फोन निषेध:**

- ➢ परीक्षा संचालन अवधिभर परीक्षा समन्वय समिति, केन्द्रध्यक्ष, सहायक केन्द्राध्यक्ष, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग, क्षेत्रिय शिक्षा निर्देशनालय र राष्ट्रिय परीक्षा बोर्डका जिम्मेवार अधिकारी बाहेकलाई परीक्षा केन्द्रमा मोवाइल फोन लैजान पूर्णत: निषेध गरिएको छ ।
- ➢ परीक्षार्थीहरुलाई परीक्षा हलभित्र स्मार्ट घडी लगायत इलेक्ट्रोनिक डिभाइस (क्याल्कुलेटर बाहेक) लैजान निषेध गरिएको छ ।

**विशेष व्यवस्था:**

- ➢ कम श्रवणशक्ति भएका, दृष्टिविहिन वा सुस्त मनस्थिति वा अन्य प्रकृतिको अपांगता भएका परीक्षार्थीहरुका लागि परीक्षा दिने विशेष व्यवस्था गरिएको छ ।
- ➢ कारागार वा बालसुधार गृहमा रहेका परीक्षार्थीहरुलाई परीक्षा दिने व्यवस्था मिलाईएको छ ।

**अन्य व्यवस्था:**

- ➢ सरकारी संयन्त्रलाई पूर्ण रुपमा परिचालन गरिएको ।
- ➢ जिल्ला परीक्षा समन्वय समितिलाई पूर्ण जवाफदेही र अधिकार सम्पन्न बनाईएको ।
- ➢ परीक्षा संचालन सम्वन्धमा सुरक्षा निकायका प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको ।
- ➢ जिल्ला परीक्षा समन्वय समितिहरुको बैठक बसी परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको ।
- ➢ परीक्षामा अमर्यादित काम कारवाही गर्ने व्यक्तिलाई ६ महिना कैद र १ लाखसम्म जरिवानाको व्यवस्था भएको ।
- ➢ जिल्ला परीक्षा समन्वय समिति वा परीक्षा नियन्त्रकको अनुमति/ प्रवेशपत्र विना जो कोहिलाई पनि परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने व्यवस्था गरिएको ।
- ➢ परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रुपमा संचालन गर्न परीक्षा केन्द्रमा निरीक्षक नियुक्ति गर्दा सकभर क्याम्पस/ विद्यालय र परीक्षा सम्वन्धी काममा अनुभव भएका शिक्षक कर्मचारीहरु मध्ये जो जसलाई नियुक्ति गर्दा उपयुक्त हुन्छ सोहि अनुसार नियुक्ति गर्न जिल्ला परीक्षा समन्वय समितिले केन्द्राध्यक्षलाई निर्देशन दिन सक्ने व्यवस्था भएको ।
- ➢ परीक्षाको मर्यादा पालना नगरेको भन्ने कुरामा जिल्ला परीक्षा समन्वय समिति विश्वस्त भएमा तत्काल केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकलाई परिवर्तन गर्न सक्ने अधिकार रहेको छ ।
- ➢ विगतका परीक्षाहरुमा परीक्षाको मर्यादा उल्लंघन गरी कारवाहीमा परेका व्यक्तिहरु केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षकमा नियुक्ति भएको पाइएमा जिल्ला परीक्षा समन्वय समितिले फेरबदल गर्न सक्ने व्यवस्था मिलाइएको ।
- ➢ परीक्षा मर्यादा विपरित Mass Cheating भएको पाईएमा त्यस्तो परीक्षा केन्द्र खारेज गर्न सिफारिस गर्ने अधिकार जिल्ला परीक्षा समन्वय समितिलाई दिइएको ।

**आदरणीय पत्रकार मित्रहरु,**

अन्त्यमा, परीक्षा पूर्व गर्नु पर्ने तयारी अन्तर्गत परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्ष गोष्ठी, जिल्ला सुरक्षा निकायहरुसँग अन्तरक्रिया, गोप्य सामग्रीको व्यवस्थापन, अनुगमन निरीक्षण लगायत सम्पूर्ण तयारी पुरा भएको हुँदा परीक्षाको गोपनियता, मर्यादा, सम्वेदनशीलता र विश्वसनियता कायम गर्नु हामी सबैको दायित्व हो भन्ने कुरा हृदयंगम गर्दै स्वच्छ र मर्यादित परीक्षा संचालन गर्ने काममा सबै पक्षमा उच्च सतर्कता, सजगता र सद्भाव सहित पूर्ण सहयोगको अपेक्षा गर्दछु । राष्ट्रिय परीक्षा बोर्डको वार्षिक परीक्षारुपी महान अभियानमा सहयोग पुऱ्याइ रहनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद !**

**-परीक्षा नियन्त्रक**

*इति सम्वत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम् ..................................*